# सहकार्यमा पशु विकास कार्यक्रम सञ्चालन मापदण्ड-२०८२

<u>(मन्त्रिस्तरीय निर्णयबाट मिति २०८२/०६/२२ मा स्वीकृत)</u>

<u>(प्रथम संशोधन मिति २०८२/१२/२२)</u>

**<u>प्रस्तावना:</u>** गण्डकी प्रदेशमा पशुपन्छी तथा मत्स्य उत्पादन प्रशोधन तथा बजारीकरणमा आवद्ध कृषक/समूह/समिति/सहकारी/फर्म/कम्पनिसँगको सहकार्यमा पशुपन्छी तथा मत्स्यपालन प्रवर्धन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै रोजगारी एवं आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

१. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा-

(क) "पशु" भन्नाले गाई, भैंसी, याक/नाक/चौंरी, भेडा, बाख्रा, बंगुर, ग्रामीण कुखुरा, हाँस र माछा समेतलाई सम्झनु पर्दछ।

(ख) "लक्षित पशु" भन्नाले वार्षिक स्वीकृत कार्यक्रमले नै तोकेको पशुको प्रजाती (Species) वा सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा तोकिएको क्षेत्रमा लक्षित गरिएको पशुको प्रजाती (Species) लाई सम्झनु पर्दछ।

(ग) "व्यावसायिक उपक्षेत्र" भन्नाले उत्पादन, प्रशोधन, बजारीकरणका क्षेत्रहरुलाई सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

२. **<u>प्राविधिक पक्ष:</u>** (१) यस मापदण्ड बमोजिम सञ्चालन गर्न सकिने कार्यक्रमहरु एवम् सम्बन्धित कार्यक्रमका लाभग्राही/आवेदक र कार्यक्रम सञ्चालन हुने क्षेत्र अनुसूची-१ बमोजिम रहनेछन्।

(२) स्वीकृत वार्षिक कार्यक्रमले लक्षित गरेको वा अनुसूची-१ को महल ४ ले तोकेको क्षेत्र भित्र व्यवसायिक पशुपालनको प्रचुर सम्भावना भएका स्थानमा पशु नश्ल सुधार, आहारा विकास, र बजारीकरणको विद्यमान अवस्था र सम्भावनाका साथै लक्षित पशुको संख्या, उत्पादन परिमाण र क्षेत्र विस्तार हुन सक्ने जस्ता पक्षलाई आधार मानी सम्बन्धित कार्यालयबाट कार्यक्रम सञ्चालन हुने स्थान छनोट गर्न सकिनेछ ।

(३) वार्षिक स्वीकृत कार्यक्रममा <u>लक्षित पशु वा व्यावसायिक उपक्षत्र</u>[1] नतोकिएको भएमा उपदफा (२) बमोजिम कार्यक्रम सञ्चालन हुने स्थान छनोट गर्दा <u>लक्षित पशु वा व्यावसायिक उपक्षत्र</u>[1] समेत सम्बन्धित कार्यालयले तोक्न सकिनेछ।



प्रथम संशोसनबाट संशोधित[1]

प्रथम संशोधनबाट थपिएको[1+]

(४) आवेदक संस्थाले दफा ५ बमोजिमको आवश्यक न्यूनतम शर्तहरू पूरा गरेको हुनुपर्नेछ। न्यूनतम शर्तहरु पूरा नगरेको प्रस्तावकलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

(५) कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरूले अनुसूची-२ अनुसारको संक्षिप्त कार्ययोजना सहित कार्यविधिको दफा १७ को उपदफा (३) मा उल्लिखित कागजातहरूका साथै देहायका कागजात सहित आवेदन पेस गर्नु पर्नेछः-

(क) सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय/[1+] स्थानीय तहको पशुसेवा शाखाको सिफारिस,

(ख) समूह/समिति/सहकारीको हकमा कार्यक्रम सञ्चालन प्रस्ताव पेस गर्ने र कार्यक्रम स्वीकृत भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपि,

(ग) सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(६) कार्यालयले कार्यविधिले तोकेको प्रक्रिया पुरा गरी कार्यक्रम प्रस्ताव आह्वान, मूल्याङ्कन, छनोट र सम्झौता गर्नु पर्नेछ।

(७) कार्यालयले लाभग्राहीसँग सम्झौता गर्दा दफा ६ को उपदफा (१) मा उल्लेख भएका क्रियाकलापहरू मध्येबाट स्वीकृत कार्यक्रम, आवेदकको आवश्यकता र प्राविधिक उपयुक्तताको आधारमा कार्ययोजना सहित लाभग्राहीसँग कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्नु पर्नेछ।

(८) प्रस्ताव स्वीकृत भएको कुनै आवेदक तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम अनुसार मूल्याङ्कनमा पचास प्रतिशत भन्दा बढी अंक प्राप्त गरेका अन्य आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न कुनै बाधा पर्नेछैन।

(९) कार्यालयले कार्यक्रमको प्रभावकारीता, आवश्यकता र सम्भाव्यताको आधारमा थप दुई वर्षसम्म फलोअप कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

३. **आर्थिक पक्षः** कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यविधिको दफा १४ बमोजिमको अनुदान सहयोग उपलब्ध गराउनेछ।

४. **प्रस्ताव मूल्याङ्कनका आधारः** दफा २ को उपदफा (५) बमोजिम पेस भएका प्रस्तावको मूल्याङ्कनका आधारहरू देहाय अनुसार हुनेछः-

| क्र.सं. | विवरण | अंक भार | |
|---|---|---|---|
| | | समूह /समिति/ सहकारीका लागि | निजी फर्मका लागि |
| **१.०** | **न्यूनतम पूर्वाधार र शर्तहरू** | **१०** | **१०** |
| १.१ | दफा ५ बमोजिमको न्यूनतम शर्तहरू पूरा गरेको | ७ | ७ |
| १.२ | दफा ५ को सम्बन्धित शर्तमा अतिरिक्त थप २० प्रतिशत लक्षित पशु संख्या/क्षेत्रफल बराबर १ अंकका दरले थप गर्दै | ३ | ३ |



प्रथम संशोसनबाट संशोधित[1]

प्रथम संशोधनबाट थपिएको[1+]

| | | | |
|---|---|---|---|
| | अधिकतम ३ अंक प्रदान गर्ने | | |
| **२.०** | **प्राविधिक उपयुक्तता** | **१०** | **१०** |
| २.१ | उच्च सम्भाव्यता भएको | १० | १० |
| २.२ | मध्यम सम्भाव्यता भएको | ७ | ७ |
| **२.३** | न्यून सम्भाव्यता भएको | ३ | ३ |
| **३.०** | **क) लाभान्वित कृषक घरधुरी संख्या** | **१०** | **-** |
| ३.१ | २० वा २० घरपरिवार भन्दा वढी संख्या | १० | - |
| ३.२ | १० देखि १९ सम्म घरपरिवार संख्या | ७ | - |
| | **ख) रोजगारी सृजना संख्या** | **-** | **१०** |
| ३.१ | पारिवारिक रोजगारी स्वरोजगार मात्र श्रृजना गरेको | - | ७ |
| ३.२ | अतिरिक्त १ जना पूर्णकालिक रोजगारीका लागि थप १ अंकका दरले अधिकतम ३ अंक | - | ३ |
| **४.०** | **अनुदानको अवस्था** | **१०** | **१०** |
| ४.१ | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यमा अनुदान नलिएको | १० | १० |
| **४.२** | पछिल्लो दुई आ.व मा सोही प्रकृतिको कार्यमा अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तार गर्ने योजना पेस गरेको | ५ | ५ |
| **५.०** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोंच, दिगोपना, बजार योजना लगायतका विषयहरू तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** | **१०** |
| **जम्मा** | | **५०** | **५०** |

**५.** **<u>आवश्यक शर्तहरू</u>:** (१) कृषक समूह/समिति/सहकारीमा सञ्चालन हुने कार्यक्रमको हकमा तपसिल बमोजिमको पशु संख्या वा क्षेत्रफल हुनुपर्नेछः-

(क) गाईभैंसीको हकमा कम्तीमा ५० वटा माउ पालन गरेको र कम्तिमा दैनिक २०० लिटर दुध उत्पादन हुने गरेको,

(ख) याक/नाक/चौंरीको हकमा कम्तीमा १०० याक/नाक/चौंरी पालन गरेको,

(ग) भेडाबाख्राको हकमा कम्तीमा २५० वटा भेडाबाख्रा पालन गरेको,

(घ) बंगुरको हकमा कम्तीमा ५० वटा ब्रिडर माउ वा १०० वटा फ्याटनर बंगुर पालन गरेको,

(ङ) ग्रामीण कुखुराको हकमा कम्तीमा ५०० कुखुरा पालन गरेको,

(च) हाँसको हकमा कम्तीमा ३०० हाँसपालन गरेको,



प्रथम संशोसनबाट संशोधित[1]

प्रथम संशोधनबाट थपिएको[1+]

(छ) माछाको हकमा पहाडी क्षेत्रमा कम्तीमा २० रोपनी र तराई क्षेत्रमा कम्तीमा ५० रोपनी, ट्राउटको लागि कम्तीमा १००० वर्ग मिटर क्षेत्रफलको जलाशय हुने गरी माछापालन गर्ने योजना भएको।

(२) निजी फार्म/कम्पनीमा सञ्चालन हुने कार्यक्रमको हकमा तपसिल बमोजिमको पशु संख्या वा क्षेत्रफल हुनुपर्नेछः-

(क) गाईभैंसीको हकमा कम्तीमा ५ वटा माउ पालन गरेको,

(ख) याक/नाक/चौंरी को हकमा कम्तीमा १० वटा पालन गरेको,

(ग) भेडाबाख्राको हकमा कम्तीमा १५ वटा माउ पालन गरेको,

(घ) बंगुरको हकमा कम्तीमा ब्रिडर ५ वटा माउ वा फ्याटनर १० वटा पालन गरेको,

(ङ) ग्रामीण कुखुराको हकमा कम्तीमा २०० वटा पालन गरेको,

(च) हाँसको हकमा कम्तीमा १०० वटा पालन गरेको,

(छ) माछाको हकमा पहाडी क्षेत्रमा कम्तीमा २ रोपनी र तराई क्षेत्रमा कम्तीमा ५ रोपनी, ट्राउटको लागि कम्तीमा ३०० बर्ग मिटर क्षेत्रफलको जलाशय हुने गरी माछापालन गर्ने योजना भएको।

(३) घाँसको स्रोत तथा नर्सरी स्थापनाको लागि एकवर्षीय घाँसको लागि न्यूनतम ५ रोपनी जग्गामा घाँस खेती, बहुवर्षीय घाँसको हकमा १० रोपनी जग्गा र डाले घाँसको नर्सरीको हकमा वार्षिक कम्तीमा १० हजार संख्यामा विरुवा उत्पादन गर्नुपर्नेछ।

६. **<u>सञ्चालन गर्न सकिने क्रियाकलाप</u>**ः (१) कार्यालयले स्वीकृत बजेटको परिधिभित्र रही समूह/समिति/सहकारी वा फर्म/कम्पनी मार्फत देहायका क्रियाकलापहरू सञ्चालन गर्न सक्नेछः-

(क) खोर/गोठ/माछा पोखरी/रेसवे निर्माण र सुधार,

(ख) उच्च प्रजनन्मान भएका पशु खरिद तथा ढुवानी,

(ग) पशु आहारा उत्पादन तथा संरक्षण प्रवर्धन,

(घ) घाँसबाली स्रोत तथा नर्सरी स्थापना र व्यवस्थापन,

(ङ) व्यवसायसँग सम्बन्धित आवश्यक उपकरण तथा सामग्री खरिद,

(च) बजारीकरणको लागि आवश्यक पूर्वाधार र बजार प्रवर्धन सम्बन्धी कार्य,

(छ) अभिलेख व्यवस्थापन,

(ज) जैविक सुरक्षाका उपायहरू अवलम्बन गर्ने सम्बन्धी कार्य,

(झ) माछा भुरा खरिद तथा ढुवानी,

(ञ) असल पशुपालन अभ्यास प्रवर्धन।

(२) कार्यालयले कार्यक्रम प्रस्तावना स्वीकृत भई सम्झौता भएका क्षेत्रहरुमा पशु स्वास्थ्य शिविर सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।



प्रथम संशोसनबाट संशोधित[१]

प्रथम संशोधनबाट थपिएको[१+]

(३) वार्षिक कार्यक्रममा नै समूह/समिति परिचालनका लागि वजेट विनियोजन भएको अवस्थामा कार्यालयले लक्षित क्षेत्रमा विगत देखि सञ्चालनमा रहेका पकेट क्षेत्रहरू वा लक्षित पशुपालनको लागि नयाँ सम्भाव्यताको आधारमा कार्यक्रम सञ्चालन गर्न समूह/समिति परिचालनका लागि सहजीकरण गर्न सक्नेछ।

(४) कार्यालयले कार्यक्रम प्रस्तावना स्वीकृत भई सम्झौता भएका क्षेत्रहरुमा कृषक क्षमता अभिवृद्धि तालिम, अभिमुखीकरण, र अवलोकन भ्रमण एवं अनुगमन तथा प्रतिवेदन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

(५) कार्यालयले उपदफा (४) बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रमको स्वीकृत बजेटको बढीमा पाँच प्रतिशत सम्म मात्र खर्च गर्न सक्नेछ। तर पाँच प्रतिशत भन्दा बढी रकम खर्च गर्नु पर्ने भएमा मन्त्रालयको स्वीकृति लिएर मात्र खर्च गर्नुपर्नेछ।

७. **अभिलेख र प्रतिवेदनः** मध्यपहाडी लोकमार्ग लक्षित मासु उत्पादनका लागि बाख्रा विकास कार्यक्रम र मध्यपहाडी लोकमार्ग केन्द्रित पशुपन्छी जन्य उत्पादन प्रवर्धन कार्यक्रमका लाभग्राहीले अनुसूची- ३ देखि ७ बमोजिमको ढाँचामा अभिलेख राखी अनुसूची-८ बमोजिमको प्रतिवेदन सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

८. **प्रचलित कानुन बमोजिम हुने** : यस मापदण्डमा उल्लेख भए बाहेकका विषय प्रचलित कानुन बमोजिम हुनेछ।

९. **बाधा अड्काउ फुकाउः** यस मापदण्डको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१०. **संशोधनः** मन्त्रालयले यस मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ ।

११. **खारेजी र बचाउः** (१) लोकमार्ग कोरिडोर लक्षित बाख्रा विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८१, प्रजनन रेकर्ड व्यवस्थापनका लागि सहजकर्ता परिचालन सम्बन्धी मापदण्ड, २०८१ र वृहत्तर पशु विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८१ खारेज गरिएको छ।

(२) यो मापदण्ड लागु हुनु अघि उपदफा (१) बमोजिम खारेज भएका मापदण्डहरु अनुसार भए गरेका कार्यहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।



प्रथम संशोसनबाट संशोधित[1]

प्रथम संशोधनबाट थपिएको[1+]

**अनुसूची-१**

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

**यस मापदण्ड बमोजिम सञ्चालन गर्न सकिने कार्यक्रमहरु, कार्यक्रमका लागि आवेदक/लाभग्राही र कार्यक्रम सञ्चालन हुने क्षेत्र**

| क्र.सं. | यस मापदण्ड बमोजिम सञ्चालन गर्न सकिने कार्यक्रम | कार्यक्रमका लागि आवेदक/लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १ | लोकमार्ग कोरिडोर लक्षित मासु उत्पादनका लागि बाख्रा विकास कार्यक्रम | कृषकसमूह/समिति/सहकारी (घाँसको स्रोत तथा नर्सरी स्थापनाको लागि निजि फार्म/कम्पनी समेत) | मध्यपहाडी लोकमार्गमा पर्ने स्थानीय तहहरु | |
| २ | मध्यपहाडी लोकमार्ग केन्द्रित पशुपन्छी जन्य उत्पादन प्रवर्धन कार्यक्रम | कृषकसमूह/समिति/सहकारी | मध्यपहाडी लोकमार्गमा पर्ने स्थानीय तहहरु | |
| ३ | कालिगण्डकी कोरिडोर केन्द्रित पशुपन्छी तथा मत्स्य उत्पादन तथा प्रवर्धन कार्यक्रम | कृषकसमूह/समिति/सहकारी | कालिगण्डकी कोरिडोरमा पर्ने स्थानीय तहहरु | |
| ४ | वृहत्तर पशु विकास प्रवर्धन कार्यक्रम | कृषकसमूह/समिति/सहकारी | कार्यक्रम रहेका जिल्लाहरु | |
| ५[१+] | सार्वजनिक/निजी/समुदायको सहकार्यमा[१+] व्यावसायिक पशुपन्छी उत्पादन प्रवर्धन कार्यक्रम | सार्वजनिक[१+] /निजि/समूह/समिति/सहकारी (समुदाय) | प्रदेश भर[१+] | |



प्रथम संशोसनबाट संशोधित[१]

प्रथम संशोधनबाट थपिएको[१+]

## अनुसूची-२

(दफा २ को उपदफा (५) सँग सम्बन्धित)

**<u>संक्षिप्त कार्ययोजनाको ढाँचा</u>**

**<u>कार्यक्रमको नामः-</u>**

(क) आवेदकको नाम र ठेगाना :

(ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

(ग) कार्यक्रम सञ्चालन हुने स्थान :

(घ) सञ्चालन गर्ने व्यवसायः

(ङ) लाभान्वित (कार्यक्रममा सहभागी हुने) घरधुरी संख्या :

**(च) कार्यक्रमहरूको विस्तृत विवरणः**

| क्र.सं. | क्रियाकलापहरू | इकाइ | परिमाण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(छ) चालु आ.व.मा सञ्चालन गरिने क्रियाकलापको विवरण :**

| क्र.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुँजीगत कार्य | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | पशु प्रजननका लागि कार्यहरू | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरू | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

(ज) प्रस्तावित कार्यक्रम सञ्चालनबाट प्राप्त हुने उपलब्धिहरू (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन आदि):

| क्र.सं. | विवरण | इकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|



प्रथम संशोसनबाट संशोधित[१]

प्रथम संशोधनबाट थपिएको[१+]

| | | | हालको अवस्था | कार्यक्रम सञ्चालन पश्चातको अवस्था | |
|---|---|---|---|---|---|
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | पशुको विवरण | | | | |
| | प्रजननका लागि भएको पशुहरूको नश्ल विवरण | | | | |
| | | | | | |
| | | | | | |
| इ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| ई) | अन्य उपलब्धिहरू | | | | |
| | | | | | |
| जम्मा | | | | | |

(झ) उत्पादित वस्तुहरूको बजारीकरण कहाँ, कसरी र वार्षिक कति मात्रामा गर्ने :

(ञ) अपेक्षित उपलब्धी तथा प्रतिफलहरुः

(ट) नयाँ सोच तथा व्यवसायलाई दिगोरुपमा सञ्चालन गर्ने भावी योजना :

(ठ) स्रोत केन्द्र स्थापनाका लागि योजना र उत्पादन गर्न खोजेको पशुको नश्लको विवरणः

<u>प्रस्तावकको</u>

फार्म/संस्थाको नाम ठेगानाः संस्थाको छापः

सम्पर्क व्यक्तिः सम्पर्क नं.

दस्तखतः मितिः

(**<u>नोटः</u>** प्रस्ताव तयार गर्दा आवश्यकता अनुसार पाना तथा तालिकाका पङ्क्तिहरू थप गर्न सकिनेछ।)



प्रथम संशोसनबाट संशोधित[१]

प्रथम संशोधनबाट थपिएको[१+]

## अनुसूची- ३

(दफा ७ सँग सम्बन्धित)

**पशुको प्रजनन् रेकर्ड**

१. संस्थाको नामः                                        टेलिफोन सम्पर्क नम्वरः

२. ठेगानाः        जिल्लाः        गा.पा./न.पा.        वडा नं.        गाउँ/टोलः

| क्र.सं. | पोथी पशुको ट्याग नं. | पशुको जात | उमेर | संख्या | बाली लगाएको मिति | | | व्याएको मिति | जन्मेको पाडा/पाडी बाच्छा/बाच्छी पाठा/पाठी | संख्या | जन्म तौल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भाले पशुको ट्याग नं. | भाले पशुको जात | उमेर | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

तयार गर्नेः                                        संस्थाको अध्यक्षः

हस्ताक्षर                                        हस्ताक्षर

नामः                                        नामः

मितिः                                        मितिः



प्रथम संशोसनबाट संशोधित[१]

प्रथम संशोधनबाट थपिएको[१+]

**अनुसूची- ४**

(दफा ७ सँग सम्बन्धित)

**भेडा/बाखाको मासिक हर्ड बुक**

१. संस्थाको नामः टेलिफोन सम्पर्क नम्वरः

२. ठेगानाः जिल्लाः गा.पा./न.पा. वडा नं. गाउँ/टोलः

| महिना | महिनाको सुरुको पशु संख्या | | | | | | यस महिनामा थप (जन्मिएर वा खरिद बाट) पशु संख्या | | | | | | यस महिनामा विक्री संख्या | | | | | | महिनाको अन्तमा बाँकि संख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माउ | बोका/थुमा | खसी | पठ्याङ्ग्रा/पठ्याङ्ग्री | पाठा/पाठी | जम्मा | माउ | बोका ऌ | खसी | पठ्याङ्ग्रा/पठ्याङ्ग्री | पाठा/पाठी | जम्मा | माउ | बोका | खसी | पठ्याङ्ग्रा/पठ्याङ्ग्री | पाठा/पाठी | जम्मा | माउ | बोका थुमा | खसी | पठ्याङ्ग्रा/पठ्याङ्ग्री | पाठा/पाठी | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्नेः

हस्ताक्षर

नामः

मितिः

संस्थाको अध्यक्षः

हस्ताक्षर

नामः

मितिः



प्रथम संशोसनबाट संशोधित[1]

प्रथम संशोधनबाट थपिएको[1+]

**अनुसूची- ५**

(दफा ७ सँग सम्बन्धित)

**<u>गाई/भैसीको मासिक हर्ड बुक</u>**

१. संस्थाको नामः टेलिफोन सम्पर्क नम्वरः

२. ठेगानाः जिल्लाः गा.पा./न.पा. वडा नं. गाउँ/टोलः

| महिना | महिनाको शुरुको पशु संख्या | | | | | | यस महिनामा थप (जन्मिएर वा खरिद बाट) पशु संख्या | | | | | | यस महिनामा विक्री संख्या | | | | | | महिनाको अन्तमा बाँकि संख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माउ | राँगो/साँढे | राँगो/गोरु | पाडा/पाडी बाच्छा/बाच्छी | बहर/कोरली | जम्मा | माउ | राँगो/साँढे | राँगो/गोरु | पाडा/पाडी बाच्छा/बाच्छी | बहर/कोरली | जम्मा | माउ | राँगो/साँढे | राँगो/गोरु | पाडा/पाडी बाच्छा/बाच्छी | बहर/कोरली | जम्मा | माउ | राँगो/साँढे | राँगो/गोरु | पाडा/पाडी बाच्छा/बाच्छी | बहर/कोरली | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्नेः संस्थाको अध्यक्षः

हस्ताक्षर हस्ताक्षर

नामः नामः

मितिः मितिः



प्रथम संशोसनबाट संशोधित[1]

प्रथम संशोधनबाट थपिएको[1+]

**अनुसूची- ६**

(दफा ७ सँग सम्बन्धित)

**बंगुरको मासिक हर्ड बुक**

१. संस्थाको नामः                                        टेलिफोन सम्पर्क नम्वरः

२. ठेगानाः        जिल्लाः        गा.पा./न.पा.        वडा नं.        गाउँ/टोलः

| महिना | महिनाको सुरुको पशु संख्या | | | | | | यस महिनामा थप (जन्मिएर वा खरिद बाट) पशु संख्या | | | | | | यस महिनामा विक्री संख्या | | | | | | महिनाको अन्तमा बाँकि संख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माउ | वीर/भुनी | खसी | छत्तौरा/ छत्तौरी | पाठा/पाठी | जम्मा | माउ | वीर/भुनी | खसी | छत्तौरा/ छत्तौरी | पाठा/पाठी | जम्मा | माउ | वीर/भुनी | खसी | छत्तौरा/ छत्तौरी | पाठा/पाठी | जम्मा | माउ | वीर/भुनी | खसी | छत्तौरा/ छत्तौरी | पाठा/पाठी | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्नेः                                        संस्थाको अध्यक्षः

हस्ताक्षर                                        हस्ताक्षर

नामः                                        नामः

मितिः                                        मितिः



प्रथम संशोसनबाट संशोधित[1]

प्रथम संशोधनबाट थपिएको[1+]

**अनुसूची- ७**

(दफा ७ सँग सम्बन्धित)

**<u>पशुको उपचार रेकर्ड</u>**

| क्र.सं. | पशुको किसिम | उमेर/लिङ्ग | लक्षण | रोग निदान | उपचार विवरण | उपचारमा संलग्न चिकित्सक/प्राविधिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेः

हस्ताक्षर

नामः

मितिः

संस्थाको अध्यक्षः

हस्ताक्षर

नामः

मितिः



प्रथम संशोसनबाट संशोधित[१]

प्रथम संशोधनबाट थपिएको[१+]

**अनुसूची- ८**

(दफा ७ सँग सम्बन्धित)

**<u>कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा</u>**

**..................महिना/त्रैमासिक/अर्धबार्षिक/बार्षिक लक्ष्य र प्रगति**

१. संस्थाको नामः टेलिफोन सम्पर्क नम्वरः

२. ठेगानाः जिल्लाः गा.पा./न.पा. वडा नं. गाउँ/टोलः

३. आ.व. ४. महिना ५. प्रगति प्रतिवेदन अवधिः

| क.सं. | क्रियाकलाप विवरण | इकाई | बार्षिक लक्ष्य | बार्षिक बजेट | .... त्रैमासिक लक्ष्य | .... त्रैमासिक बजेट | यस महिनाको प्रगति | ....त्रैमासिक को यस महिना सम्मको प्रगति | हाल सम्मको प्रगति | यस महिनाको खर्च | .... त्रैमासिक खर्च | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

वित्तीय प्रगति प्रतिशतः................ भारित प्रगति प्रतिशतः.................

तयार गर्नेः
हस्ताक्षर
नामः
मितिः

संस्थाको अध्यक्षः
हस्ताक्षर
नामः
मितिः



प्रथम संशोसनबाट संशोधित[१]
प्रथम संशोधनबाट थपिएको[१+]

प्रथम संशोसनबाट संशोधित[१]
प्रथम संशोधनबाट थपिएको[१+]